**Tribhuvan University Journal**
**Vol. 39, No. 2: 299-311, December 2024**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v39i2.73019**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# राइटरबाजे कथामा वैयक्तिक स्वतन्त्रता

***श्रीधर न्यौपाने***

*पृथ्वीनारायण क्याम्पस, त्रिवि, पोखरा*
*Corresponding author: shree.neupane@prnc.tu.edu.np*

Received date: 19 March 2024- Accepted date: 01 July 2024

## लेखसार

'राइटरबाजे' कथामा वैयक्तिक स्वतन्त्र अभिव्यक्तिको अवस्थाका बारेमा विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको हो । यस लेखको विषयको क्षेत्रका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथाको विश्लेषण गर्नु रहेको छ । यस लेखमा 'राइटरबाजे' कथामा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति के कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मुख्य समस्या बनाइएको छ । बहुसत्यमा विश्वास गरिएको यस लेखमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । यस अध्ययनमा यथास्थितिप्रति विमति राख्दै स्वत्व विकासका निम्ति स्वतन्त्र निर्णय गर्दा अस्तित्वशील पात्रले सङ्कटग्रस्त परिस्थितिको सामना गर्न परे पनि जिम्मेवारी वहन गरिरहेका हुन्छन् भन्ने कुरालाई तत्त्वमीमांसाका रूपमा ग्रहण गरिएको छ र शोधदर्शनका बिचमा सामञ्जस्यसमेत कायम गरिएको छ । अध्ययनको क्षेत्र र चरसँग सम्बद्ध प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको अध्ययन गरी प्राप्त तथ्यका आधारमा पाठविश्लेषण अध्ययनविधिको उपयोग गरी लेखलाई पूर्णता प्रदान गरिएको छ। यस अध्ययनमा अस्तित्ववादी जीवनदर्शनको मान्यता व्यक्तिको स्वतन्त्रतालाई सैद्धान्तिक आधार बनाइएको छ। अस्तित्ववादको यसै सैद्धान्तिक मान्यताको आशयअनुरूपका स्वत्व विकासका लागि निर्णय, सङ्कटग्रस्त परिस्थितिको सामना र जिम्मेवारी वहनलाई सूचक बनाई निर्धारित कथाको विश्लेषण गरिएको छ । विश्लेषित कथामा अस्तित्वका लागि प्रतिबद्ध पात्रले जड भविताका अवस्थाबाट मुक्तिका लागि स्वतन्त्र निर्णयका साथ कर्ममा सक्रिय रहँदा सङ्कटग्रस्त परिस्थितिको सामना र जिम्मेवारी वहन गरी कर्ममा प्रवृत्त रहेको सन्दर्भलाई आख्यानीकरण गरिएको छ भन्ने कुरा निष्कर्षका रूपमा प्राप्त भएको छ। जीवनमा कर्मशील रहनुपर्छ भन्ने यस कथाको केन्द्रीय कथ्य लोकमा सकारात्मक विचारधाराको निर्मितिका लागि उपयोगी देखिन्छ ।

**शब्दकुञ्जी :** वैयक्तिक स्वतन्त्रता, स्वत्व, अस्तित्वशील, सङ्कटग्रस्त, जिम्मेवारी

## परिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) को 'राइटरबाजे' कथामा अस्तित्ववादी जीवनदृष्टिको मूलभूत अभिलक्षण वैयक्तिक स्वतन्त्रतालाई गहन रूपमा अभिव्यक्त गरिएको छ। वि.सं. १९९२ मा *शारदा* पत्रिकामा 'चन्द्रवदन' कथा प्रकाशन गराएर नेपाली साहित्यको कथा विधामा प्रवेश गरेका कोइरालाका *दोषी चश्मा* (२००६) कथासङ्ग्रहमा सोह्र र *श्वेतभैरवी* (२०३९) कथासङ्ग्रहमा चारवटा कथा सङ्गृहीत छन् । यी सङ्ग्रह र विभिन्न पत्रिकामा गरेर उनका जम्मा तिसवटा कथा प्रकाशित छन् । फ्रायडीय मनोविज्ञानलाई प्रमुख आधार बनाएका कोइरालाका कथामा त्यसका अतिरिक्त अस्तित्ववादी जीवनदृष्टि, संस्कृति, नियति, नारीका समस्या, सीमान्त वर्गका समस्यालाई समेत सशक्त ढङ्गले अभिव्यक्त गरेको पाइन्छ। कथा लेखनयात्राको आरम्भमा यौनमनोविज्ञानलाई सशक्त रूपमा प्रस्तुत गरेका कोइरालाले पछिल्लो चरणमा भने त्यस दृष्टिका अतिरिक्त अस्तित्ववादी जीवनदृष्टिलाई समेत गहन ढङ्गले अभिव्यक्त गरेको देखिन्छ।

जीवनजगत्को कुनै एकपक्ष विशेषलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिने लघु आयामको गद्यमय सहित्यिक विधा कथाका माध्यमबाट विश्वेश्वरप्रसाद कोइरालाले अस्तित्ववादी जीवनदृष्टिको वैयक्तिक स्वतन्त्रतालाई अभिव्यक्त गरेका छन् । यथास्थितिप्रति असन्तुष्ट बन्दै स्वनिर्मितिका लागि मानिसले गरेको निर्णयका कारण सिर्जित सङ्कटग्रस्त परिस्थितिप्रति जिम्मेवारी वहन गर्नुले वैयक्तिक स्वतन्त्रतालाई बोध गराउँछ। कोइरालाको *श्वेतभैरवी* कथासङ्ग्रहमा सङ्गृहीत 'राइटरबाजे' कथामा प्रमुख पात्र भोटिनीले स्वतन्त्र निर्णय र जिम्मेवारी वहन गरेको कुरालाई केन्द्रीय कथ्य बनाएको देखिन्छ । यस कथामा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति भएको छ भन्ने कुरा उक्त कथाको पठन र त्यसका बारेमा भएका पूर्वकार्यको अध्ययनबाट ज्ञात भएको छ तर त्यसै सैद्धान्तिक मान्यताका आधारमा उक्त कथाको विश्लेषण गरिने कार्यको भने रिक्तता देखिएको छ। तसर्थ 'राइटरबाजे' कथामा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति केकसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । अस्तित्ववादको मान्यता वैयक्तिक स्वतन्त्रताका कोणबाट 'राइटरबाजे' कथाको अध्ययन गर्नु यस अध्ययको क्षेत्र हो। अस्तित्ववादका अन्य मान्यतालाई विश्लेषणको आधार नबनाउनु तथा कोइरालाका अन्य कथाको अध्ययन नगर्नु यस अध्ययको सीमा हो । यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषण विधिको उपयोग गरिएको छ । वैयक्तिक स्वतन्त्रताको सैद्धान्तिक मान्यताका आधारमा निर्मित सूचकहरू स्वत्व विकासका लागि निर्णय, सङ्कटग्रस्त परिस्थितिको सामना र जिम्मेवारी वहनलाई आधार बनाई गरिएको यो अध्ययन मौलिक, नवीन र प्राज्ञिक मूल्यका दृष्टिले समेत औचित्यपूर्ण देखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा मानिसले यथास्थितिप्रतिको असन्तुष्टि र स्वत्व विकासका लागि गरेको निर्णका कारण सिर्जित सङ्कटग्रस्त परिस्थितिप्रति जिम्मेवारी वहन गर्छ भन्ने कुरालाई सत्य ठानिएको छ । उक्त सत्यलाई पुष्टि गर्नाका लागि अवलम्बन गरिएको सामग्री सङ्कलन र विश्लेषण विधिका बारेमा छुट्टाछुट्टै उपशीर्षकमा तल प्रस्तुत गरिएको छ :

### सामग्री सङ्कलन

प्रस्तुत अध्ययनमा अध्ययनको क्षेत्रसँग सम्बद्ध विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथालाई सामग्रीको आकार र नमुनाको आकारका रूपमा लिइएको छ । यो कथा नै सामग्रीको आकार भएकाले सम्भाव्य नमुना छनोटअन्तर्गतको यादृच्छिक नमुना छनोट विधिलाई अवलम्बन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतको सामग्रीका रूपमा 'राइटरबाजे' कथा तथा द्वितीयक स्रोतका सामग्रीका रूपमा यस कथासँग सम्बद्ध लेख र उक्त कथाको विश्लेषणका लागि निर्धारित सिद्धान्तसँग सम्बद्ध सामग्री रहेका छन् । यिनै सामग्रीबाट तथ्यसङ्कलन गरी समस्याको समाधान गरिएको छ । यी दुवै प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन् ।

### विश्लेषण विधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । परिवेशका आधारमा भिन्न अर्थ हुन्छन् र हरेक कुराको सम्भावना रहन्छ भन्ने मान्यता अवलम्बन गरिएको छ । सानो क्षेत्रमा केन्द्रित रही निर्धारित कथाको सूक्ष्म ढङ्गले अध्ययन गरी पाठविश्लेषण पद्धतिका आधारमा 'राइटरबाजे' कथाको विश्लेषण गरिएको छ । यस अध्ययनमा अस्तित्ववादी जीवनदृष्टिको मान्यता वैयक्तिक स्वतन्त्रतालाई कथाविश्लेषणका लागि सैद्धान्तिक आधार बनाइएको छ । मानिसले आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गरेको हुन्छ भन्ने कुरालाई अवधारणात्मक ढाँचा बनाइएको छ । यसै अवधारणाका आधारमा निर्मित उपकरणहरू स्वत्व विकासका लागि निर्णय, सङ्कटग्रस्त परिस्थितिको सामना र जिम्मेवारी वहन जस्ता सूचकलाई विश्लेषणको पद्धतिका रूपमा अवलम्बन गरी समस्याको समाधान गरिएको छ ।

### सैद्धान्तिक आधार

मानिसले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्ने अवसर प्राप्त गरेको हुन्छ भन्ने अस्तित्ववादी जविनदृष्टिको मान्यता नै वैयक्तिक स्वतन्त्रता हो । मानिस यस धर्तीमा जन्मिएपछि नै उद्देश्य निर्धारण गर्दै आफू बन्ने प्रक्रियामा संलग्न भएको हुन्छ । यसका लागि उसले स्वतन्त्र निर्णय गरेको हुन्छ भन्ने दृष्टिकोण अस्तित्ववादको रहेको छ । पाश्चात्य चिन्तकहरू देकार्त र हेगेलले ईश्वरका सामु मानिस अस्तित्वहीन र निरीह छ भन्ने विचारलाई व्यापक बनाएका अवस्थामा हेगेलका शिष्य डेनिस धार्मिक चिन्तक

सौरेन किर्केगार्डले मानव अस्तित्व र उसले प्राप्त गरेको छनोटको स्वतन्त्रता सम्बन्धी दृष्टिकोणसहित उन्नाइसौँ शताब्दीमा अस्तित्ववादी जीवनदर्शनको प्रारम्भ गरेका हुन् । यस दर्शनलाई सैद्धान्तिक र प्रायोगिक कोणबाट व्यापक बनाउने काम नित्से, हाइडेगर, सार्त्र, काम् आदिले गरे । स्वतन्त्रता मानव हृदयको यस्तो सर्वोच्च शक्ति हो जसले ईश्वरलाई पनि शक्तिहीन बनाइदिन्छ । स्वतन्त्रता उत्तरदायित्वको बन्धन हो (पाण्डे, २०६२, पृ. ९०) । यही स्वतन्त्रताको उपयोगले नै मानिसले आफूलाई सर्वोच्च स्थानमा राख्न सफल हुन्छ । तसर्थ मानव स्वनिर्मितिका लागि स्वतन्त्रता प्रमुख रहेको हुन्छ । यही स्वतन्त्रताले मानिसलाई ठुलो दुर्घटनामा पारेको हुन्छ (Sartre, 1989, p. 102-105) । मानिस स्वनिर्मितिका लागि जडताप्रति असन्तुष्ट रहँदै स्वतन्त्र निर्णय गर्दा सङ्कटग्रस्त परिस्थितिको सामना गर्न बाध्य भएको हुन्छ ।

जडताप्रतिको असन्तुष्टिले नै मानिसलाई केही बन्ने कुराप्रति सचेत र अग्रसर गराएको हुन्छ । मानिसले समाज, समाजका मूल्य, मान्यतालाई स्वाभाविक ठानेमा आफू बन्ने कुराप्रति सजगता देखाउँदैन । आत्मवञ्चनामा रमाउने र अप्रामाणिक अस्तित्वलाई महत्त्व दिने व्यक्तिले जडतालाई महत्त्व दिएको हुन्छ । चेतनशील मानिसले आफूलाई बन्धनमा पार्ने सीमामाथि अतिक्रमण गरेको हुन्छ (प्रधान, सन् १९७१, पृ. ७५) । मानिसले गरेको यस अतिक्रमणलाई जडताप्रतिको असन्तुष्टिका रूपमा लिन सकिन्छ । भइरहेका कुराप्रतिको असन्तुष्टिले नै मानिसलाई अस्तित्वशील बनाएको हुन्छ । मानिसको चेतनामा आफू बन्ने कुराप्रतिको सजगता जागृत भएसँगै उसले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गरेको हुन्छ । मानिस मात्र यस्तो प्राणी हो जसले स्वनिर्मितिका लागि आफूलाई निर्णयमा सक्रिय गराएको हुन्छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. १५२) । अस्तित्ववादी दर्शनले मान्छेको अस्तित्वलाई महत्त्व दिँदै स्वत्वको विकासका लागि उसले स्वतन्त्र निर्णय गर्नुपर्छ भन्ने मान्यता राख्दछ । छनोट गर्ने कुराको केन्द्रमा रहेको स्वतन्त्रताको उपयोगले नै मानिसलाई रूपान्तरण गरेको हुन्छ । प्रत्ययवादी चिन्तक हेगेलले मानिसले आफ्नो जीवनको सम्पूर्णताका बारेमा जान्न सक्दैन, त्यसको बोध केवल ईश्वरलाई मात्र हुन्छ भन्ने दृष्टिकोणप्रति विमति जनाउँदै किर्केगार्डले अस्तित्वशील मानिसले निरन्तर निर्णय र सङ्घर्ष गर्दै स्वत्व विकासका लागि प्रयत्न गरिरहेको हुन्छ भन्ने धारणा प्रस्तुत गरी मानवलाई महत्त्व दिएको देखिन्छ ।

मानिसले आफूलाई बनाउनका लागि गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका जटिलताले गर्दा उसले सङ्कटग्रस्त परिस्थितिको सामना गर्न बाध्य भएको हुन्छ । उसले गरेका एकपछि अर्को निर्णयले त्रास थप गरिरहेको हुन्छ (न्यौपाने, सन् २०२३ क, पृ. १५६) । मानिसले गरेको निर्णयका कारण अपेक्षित परिणाम प्राप्त हुन्छ भन्ने कुराको कुनै निश्चितता हुँदैन । स्वतन्त्र निर्णय गरेको मानिसले जिम्मेवारी वहन गर्नुपर्ने कारणबाट गहिरो वेदनामा परेको हुन्छ । यसका साथै आफूले गरेको निर्णय अरूका लागि पनि उपयोगी हुनुपर्ने भन्ने कुराले समेत उसलाई सङ्कटमा पारेको हुन्छ (शर्मा, सन् १९९३, पृ. १९७) । मानिसले

आफूलाई बनाउनका लागि एक्लै निर्णय र सङ्घर्ष गरेको हुन्छ । आफूलाई पूर्ण बनाउने उसको प्रयत्न कहित्यै पूरा हुँदैन । सधैँ रिक्तताको बोध गरेको हुन्छ (न्यौपाने, सन् २०२३ ख, पृ. २०२) । उक्त रिक्तताको पूर्णताका लागि स्वतन्त्र निर्णय गरिरहँदा भोग्नुपर्ने जटिल परिस्थितिका कारण अस्तित्वशील मानिसको जीवन सङ्कटग्रस्त बनेको हुन्छ ।

मानिसले स्वनिर्मितिका लागि गरेको निर्णयका कारण सिर्जित सङ्कटग्रस्त परिस्थितिको सामना गर्दै आफूलाई कर्ममा सक्रिय राख्नु नै जिम्मेवारी वहन हो । आफूले गरेका निर्णयका कारण घटित घटनाप्रति मानिसले जिम्मेवारी वहन गरेको हुन्छ (Sartre, n. d., p. 554) । जिम्मेवारीबाट अलग रहने व्यक्ति अस्तित्वशील हुन सक्तैन । स्वतन्त्र निर्णय गर्ने क्रममा मानिसले केवल आफ्ना लागि मात्र नगरी समग्र मानवका लागि गरिरहेको हुन्छ । अन्यका लागि पनि छनोट गर्ने भएकाले मानिसले खराब कुराको छनोट गर्दैन (Sartre, 1947/2007, p. 24) । मानिसले समाजका मूल्य, मान्यताप्रति विमति राखे पनि स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्दा मानवकै तहमा रहेर निर्णय गरेको हुन्छ । आफूलाई बनाउने प्रक्रियामा संलग्न मानिसलाई बाधा सिर्जना गरिएमा त्यसको प्रतिवाद गरेको हुन्छ । मानिसले आफ्नो अस्तित्वका लागि नै विद्रोह गरेको हुन्छ (Camus, 1956/1991, p.n.d.) । आफूले गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित समस्याबाट मुक्तिका लागि नै मानिसले विद्रोह गरेको हुन्छ । मानिसले निर्णयमा गरेको विवेक, सङ्कटग्रस्त परिस्थितिप्रति सचेत विद्रोहले ऊ जिम्मेवारी वहनप्रति प्रतिबद्ध छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## नतिजा र छलफल

विश्वेश्वरप्रसाद कोइरालाले वि.सं. २०१९ असोज २४ गते सुन्दरीजल बन्दीगृहमा रहँदा लेखेको ‘राइटरबाजे’ कथामा जैविक आवश्यकता, प्रेमको अमरता र अस्तित्ववादी जीवनदृष्टिलाई घनीभूत रूपमा अभिव्यक्त गरेका छन् । राइटरबाजेले भोटिनीसँग राखेको सम्बन्धले जैविक आवश्यकताको परिपूर्तिलाई बोध गराएको छ भने भोटिनीका प्रशस्त विकल्प हुँदाहुँदै पनि राइटरबाजेप्रति प्रेम भाव दर्साउनुले प्रेमको अमरतालाई प्रतिबिम्बित गरेको छ । कोइरालाले यौन र प्रेमका अतिरिक्त अस्तित्ववादी जीवनदृष्टिलाई आफ्ना उपन्यासमा जस्तै यस कथामा पनि प्रमुख पात्र भोटिनीका माध्यमबाट घनीभूत रूपमा अभिव्यक्त गरेका छन् । यस पात्रले गरेको निर्णयका कारण सिर्जित समस्या र वहन गरेको जिम्मेवारीलाई विश्लेषण गर्नाका लागि निर्धारण गरिएका सूचकहरूका आधारमा यहाँ अध्ययन गरिएको छ ।

## स्वत्व विकासका लागि निर्णय

‘राइटरबाजे’ कथामा स्वत्व विकासका लागि पात्रले गरेको निर्णयका माध्यमबाट अस्तित्ववादी जीवनदृष्टिको मान्यता वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ भने यसै निर्णयका माध्यमबाट दुई भिन्न जात र संस्कृतिका बिचको समन्वयसमेत गराइएको छ ।

सडकको पेटीमा मागेर जीवन निर्वाह गरेकी भोटिनीलाई राइटरबाजेले आफ्नो घरमा जान गरेको आग्रहले एकातिर उसको जैविक आवश्यकताको परिपूर्ति गर्ने अभीष्ट रहेको बोध हुन्छ भने अर्कातिर दुःख पाएकी पात्रप्रति उसमा जागृत भएको कल्याणकारी भावनासमेत प्रतिबिम्बित भएको देखिन्छ। कथाकी पात्र भोटिनी जडताप्रति असन्तुष्ट छ। अस्तित्वशील पात्रले जडतालाई अस्वीकार गरेको हुन्छ (न्यौपाने, सन् २०२३ ग, पृ. १२०) । भोटिनीका क्रियाव्यापार यथास्थितिप्रति विमति राख्ने प्रकृतिका छन् । यो पात्र काठमाडौँको गल्लीमा मागेर बस्नुपर्ने कुराप्रति सन्तुष्ट छैन भन्ने कुरा राइटरबाजेले आफ्नो घरमा जानका लागि गरेको आग्रहलाई स्वीकार गर्नुले स्पष्ट पारेको छ । राइटरको आग्रहलाई अस्वीकार गर्ने विकल्प हुँदाहुँदै पनि भोटिनीले उसलाई वरण गर्नुले ऊ स्वत्व विकासका लागि प्रतिबद्ध छे भन्ने कुरालाई कथाको यस अंशले स्पष्ट पारेको छ -"त्यस बेलुका म राइटरबाजेकहाँ आएँ" (कोइराला, २०३९/२०७३, पृ. १८) । आफू बसेको सडकको पेटीभन्दा जागिर खाने राइटरबाजेसँग बस्दा जीवनमा समुन्नति प्राप्त हुने कुराको बोध गर्दै भोटिनी राइटरबाजेसँग जानुले ऊ आफ्नो अस्तित्वप्रति सचेत छ र निर्णय गर्न सक्षम छ भन्ने कुरा स्पष्ट हुन्छ। भोटिनी र राइटरबाजे भिन्न जातका पात्र हुन् । जातीय द्वन्द्वले मानिसको अस्तित्वमा समस्या पार्छ । (ढकाल, सन् २०२२, पृ. १६८) । यस कथामा भने जातीय र संस्कृतिको समन्वय देखाइएको छ। भोटिनीले जाँडरक्सी छाड्नु, जाडामा पनि नुहाएर मात्र खाना खानु, राइटरलाई दुध खान दिनु र पतिको मृत्युपश्चात् आफ्नै हातले सिन्दूर पुछ्नु जस्ता कथाका तथ्यले संस्कृति समन्वयलाई समेत बोध गराएको देखिन्छ । कथामा भोटिनीले राइटरसँग बस्न गरेको निर्णयले वैयक्तिक स्वतन्तालाई बोध गराएको छ भने अर्कातिर यसै निर्णय र उसका क्रियाव्यापारका माध्यमबाट संस्कृति समन्वयलाई समेत स्पष्ट रूपमा अभिव्यक्त गरेको देखिन्छ।

'राइटरबाजे' कथाको प्रारम्भदेखि पात्र र समाख्याताको भूमिका निर्वाह गरेकी भोटिनीले स्वत्व विकासका लागि पटक पटक निर्णय गरेको देखिन्छ । राइटरसँग दाम्पत्य जीवन बिताउने निर्णय गरेकी यस पात्रले आफ्ना तीन दिदीहरूले दिएको सल्लाहलाई अस्वीकार गर्नुले उसको स्वतन्त्र निर्णयलाई नै बोध गराएको छ । आफूहरूको आग्रहलाई स्वीकार गरेमा राइटरसँगको जीवनभन्दा उत्तम हुने कुरा हेलम्बुमा बसेकी ठुली दिदी, बौद्धमा भट्टी थापेकी माहिली दिदी तथा दरबारमा बसेकी साहिँली दिदीले गरेका छन् । भोटिनीले ती आग्रहलाई अस्वीकार गरेकी छ भन्ने कुरालाई कथाको यस साक्ष्यले स्पष्ट पारेको छ -"दिदीहरूका कुराबाट यतिमात्र बुझ्या जस्तो लाग्यो, मानिसको महान् निर्णय उसको व्यक्तिगत निर्णय हुन्छ । कसैको उदाहरण या सल्लाह उसलाई काम लाग्दैन" (कोइराला, २०३९/२०७३, पृ. २२) । ठाउँ र भूमिका फरक फरक भए पनि तीनै जना दिदीहरूको काम यौनजन्य क्रियाकलाप नै रहेको देखिन्छ । अर्काको खटनमा काम गर्नुभन्दा आफ्नै निर्णयमा काम गर्नु उत्तम भन्ने मान्यतालाई अस्तित्वशील पात्रले वरण गरेका हुन्छन् ।

भोटिनीले अस्तित्वका लागि स्वतन्त्रता रोजेकी छ (खतिवडा, सन् २०२२, पृ. ८९) । यसले राइटरबाजेसँग जीवन बिताउने निर्णय गरेकी छ । पछि यौनजन्य क्रियाकलापमा संलग्न हुनुपर्ने घटनाबाट अलग हुन नसके पनि आफूले गरेको निर्णय नै उसका लागि उपयुक्त देखिनुले ऊ अस्तित्वप्रति सचेत छे भन्ने कुराको बोध हुन्छ । मागेर बस्दा वास्ता नगरेका तर राइटरसँग दाम्पत्य जीवन प्रारम्भ गरेपछि अनेक विकल्प देखाएका दिदीहरूप्रति विश्वास नगरेकी भोटिनीले आफ्नै निर्णयलाई महत्त्व दिँदै स्वत्व विकासका निम्ति प्रतिबद्ध रहेकी छे । राइटरप्रति पलाएको प्रेमलाई जीवन्त राख्ने उसको निर्णय र प्रतिबद्धता वैयक्तिक स्वतन्त्रतासँग सम्बद्ध देखिन्छ । यसरी भोटिनीले दिदीहरूको आग्रहलाई अस्वीकार गर्नु र राइटरसँग बस्ने निर्णयप्रति पुनर्विचार नगर्नुले स्वनिर्मितिका लागि व्यक्ति निर्णयमा स्वतन्त्र छ भन्ने कुरालाई पुष्टि गरेको छ ।

'राइटरबाजे' कथाकी प्रमुख पात्र भोटिनीले आफ्नो घरको समस्यालाई समाधान गर्नाका लागि यौनजन्य क्रियाकलापमा समेत सक्रिय हुन गरेको निर्णय पनि स्वत्वको विकाससँग सम्बद्ध रहेको छ । अस्तित्वशील पात्रले जस्तोसुकै विषम परिस्थितिमा पनि जीवन रोजेका हुन्छन् र आफूले गरेको निर्णयका माध्यमबाट जीवन सफल एवम् समुन्नत हुन्छ भन्ने अपेक्षा राखेर नै निर्णय गरेका हुन्छन् । कोइरालाले मानवीय अस्तित्वलाई अभिव्यक्त गर्छन् (तिवारी, सन् २०२३, पृ. ९४) । यस कथाकी मानवीय पात्र भोटिनीले राइटरसँग बस्ने निर्णय गरेपश्चात् अनेक समस्याको सामना गर्न बाध्य भए पनि अस्तित्वका लागि एकपछि अर्को गर्दै निर्णयहरू गरेकी छ । छोरीको मृत्युले प्रताडित बनेकी यस पात्रमाथि अर्को बज्रपात पतिको क्षयरोग र उसको जागिरबाट बर्खास्तीमा परेपछि घर चलाउन र पतिको उपचार गर्न नै कठिन बनेका अवस्थामा पनि ऊ जीवनबाट भागेकी छैन । रोगले ग्रस्त बनेको पतिलाई बचाएर सुन्दर जीवन बिताउने अभिलाषा राखेकी भोटिनीले अन्ततः देहव्यापारलाई विकल्प देखेर छनोट गरेकी छे । सामाजिक मर्यादाका दृष्टिले यो कार्य उपयुक्त नदेखिए पनि पतिको जीवनरक्षा गर्ने उपयुक्त बाटो उसले त्यही देखी र छनोट गरी भन्ने कुरालाई कथाको यस अंशले स्पष्ट पारेको छ -"त्यस समय मेरो धर्म के थियो मलाई अझै थाहा हुन सकेको छैन । मर्न लागेको आफ्नो पुरुषलाई स्वयं आफ्नो उत्सर्ग गरेर पनि उसलाई बचाउन चाहनु के नारीको धर्म होइन" (कोइराला, २०३९/२०७३, पृ. २४) ? भोटिनीले आफूले गरेका निर्णयका कारण समस्या भोग्न बाध्य भएकी छ । आखिर जीवन समस्याको शृङ्खला नै हो । जीवनमा आइपरेका समस्याको समाधान सम्भव छैन अनि तिनको समाधानका लागि एक्लै प्रयत्न गर्नुपर्ने बाध्यता मानिसमा छ । भोटिनीले पनि जीवनमा एक्लै सङ्घर्ष गरी र समस्या भोगी । अन्तिममा पतिको जटिल स्थितिमा पनि समस्याबाट भागिन बरु जटिल र अस्वाभाविक निर्णय गरेर पतिको जीवनरक्षाका लागि सङ्घर्ष गरिरही । भोटिनीले गरेको यस निर्णयलाई स्वत्व विकासका लागि गरेको प्रयत्नका रूपमा लिन सकिन्छ । स्वत्व विकासका लागि उसले गरेको निर्णयका कारण नै कथाले गति लिएको देखिन्छ ।

## सङ्कटग्रस्त परिस्थितिको सामना

'राइटरबाजे' कथामा पात्रले स्वत्व विकासका लागि गरेको निर्णयका कारण सङ्कटग्रस्त परिस्थितिको सामना गर्न बाध्य भएको कुरालाई मुख्य पात्र भोटिनीसँग सम्बद्ध घटनाक्रमका माध्यमबाट अभिव्यक्त गरिएको छ । भोटिनीले सडकको समस्याग्रस्त जीवनबाट मुक्तिका लागि राइटरबाजेको आग्रहलाई स्वीकार गरेपश्चात् पनि सङ्कटबाट मुक्त हुन सकेको देखिँदैन । गरिबीका कारण सिकुडिएको जिउ, फाटेका थाङ्ना, पोषणयुक्त खाने कुराको अभावका कारण सानो कदमा खुम्चिएकी चौध वर्षकी भोटिनी आफैले गरेको निर्णयका कारण उमेर खाइसकेका दुब्ला, पातला, ख्याउटे राइटरबाजेसँग जीवन बिताउनुपर्दा स्वाभाविक रूपमा उसलाई आनन्द थिएन । भिन्न जात र संस्कृतिकी पात्र भोटिनीले राइटरसँग घुलमिल हुन समस्या पर्नु, बाहिरका मानिसले उनीहरूका बारेमा कुरा काट्नु र आफैले समेत अप्ठ्यारो महसुस गरेकी छ भन्ने कुरालाई कथाको यस साक्ष्यले स्पष्ट पारेको छ -"यो के हुन लागिरहेछ ? के यो हुने कुरा हो ? के यसमा अस्वाभाविकता छैन ? अप्रासङ्गिकता ? फेरि ब्राह्मण पुरुष र भोटिनी नारीको वैवाहिक सम्बन्ध सामाजिक दृष्टिमा बेमेल कुरा होइन र (कोइराला, २०३९/२०७३, पृ. २०) ? आफूले गरेको निर्णयका विषयलाई लिएर पतिबाट असहजताको सामना गर्न नपरे पनि भोटिनी आफैले असहज अनुभूति गरेकी छे । मानिसले निर्णय गर्छ र त्यसै निर्णयका कारण उसले समस्याको सामना गर्नुपर्छ भन्ने कुरालाई यस कथामा भोटिनीको अनुभूति, जीवन भोगाइ तथा समाजका अन्य पात्रबाट सिर्जित सङ्कटग्रस्त परिस्थितिलाई आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ ।

स्वत्वको निर्मितिका लागि मानिसले गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याबाट ऊ सङ्कटमा परेको हुन्छ भन्ने कुरालाई राइटरबाजे कथाकी प्रमुख पात्र भोटिनीले आफ्ना दिदीहरूको आग्रहको अस्वीकृति र राइटरसँगै बस्ने कुरामा दृढ रहेको कुराले स्पष्ट पारेको छ । भोटिनीका तीन दिदीहरूले राइटरलाई छाड्ने विकल्प प्रस्तुत गरेका छन् । रूपले सुन्दरी र उमेरले जवानी अवस्थामा रहेकी भोटिनीका लागि आय आर्जन गरी जीवन सुखद बनाउन सकिने विकल्प दिदीहरूबाट प्रस्तुत भए पनि तिनलाई उसले अस्वीकार गरेकी छ । "हाम्रो अरू के छ र ! यो हाम्रो शरीर त हो नि ! यसलाई बुद्धिमानी किसिमबाट प्रयोग गर्न सक्नुपर्छ । हेरन, यही शरीरलाई कसैलाई दिएर, कसैलाई दिनदेखि बचाएर दरबारको सिँढी उक्लिँदै म राजाकी रानीसम्म भएकी छु" (कोइराला, २०३९/२०७३, पृ. २२) । भोटिनीकी साहिँली दिदीको यस अभिव्यक्तिमा सुन्दर शरीरको बिक्री गरेर जीवन सुखद बनाउन सकिने धारणा प्रस्तुत भएको छ । भोटिनी आफ्ना दिदीहरूका आग्रहलाई अस्वीकार गरी राइटरसँग बस्ने निर्णय गर्दा सङ्कटग्रस्त जीवन भोग्न बाध्य भएकी छ । यस पात्रले जात, धर्म, उमेर, संस्कृति आदिका कोणबाट अनमेल विवाह गरी जन्माएकी छोरीको मृत्युको पीडासमेत भोगेकी छ । भोटिनी सडकबाट राइटरको घरमा आएपछि आरम्भमा

केही सहज भए पनि एकपछि अर्को गर्दै आइपरेका समस्याका कारण उसको जीवन सङ्कटग्रस्त बन्दै गएको छ । पात्रले गरेको निर्णयका कारण समस्यामा पर्छ र सङ्कटग्रस्त जीवन बिताउन बाध्य हुन्छ भन्ने कुरालाई भोटिनीको जीवन भोगाइका माध्यमबाट स्पष्ट पारिएको छ ।

'राइटरबाजे' कथामा भोटिनीले गरेको निर्णयका कारण पारिवारिक वियोग, आर्थिक समस्या, देहव्यापार गर्नुपर्ने समस्या, स्वास्थ्य जस्ता समस्याको सामना गर्नुपर्दा उसको जीवन सङ्कटग्रस्त बनेको कुरालाई आख्यानीकरण गरिएको छ । भोटिनीले राइटरसँग सम्बन्ध स्थापित गरेर सुखद जीवन बिताउने अभिलाषा राखे पनि समस्याको चरम पीडामा छ भन्ने कुरा कथाको यस साक्ष्यले प्रमाणित गरेको छ -"पहिले हाम्री छोरी मरी । मातापितालाई ठूलो वियोगमा पारेर कुन-कुन महापथमा प्रस्थान गरी । त्यसको केही महीनापछि राइटरबाजे- मेरा पति- मेरो जीवनको एकमात्र आधार- पनि क्षयरोगले शय्याग्रस्त भए । उनको जागीर गयो; जीवन निर्वाह गर्न पनि कठिन हुन थाल्यो" (कोइराला, २०३९/२०७३, पृ. २३) । यस कथामा भोटेनीले आफूलाई बनाउनका लागि गरेको निर्णयका कारण प्रशस्त समस्या भोगेको कुरालाई प्रस्तुत गरिएको छ । समाजका मूल्य, मान्यता, अन्यका आग्रह, अनेक प्रलोभनलाई बेवास्ता गरी राइटरसँग बस्ने निर्णय गरेकी भोटिनीले छोरीको वियोगमा जुन समस्या भोगी त्योभन्दा पनि जटिल समस्या पतिको रोग र उसको जागिरको बर्खास्तीबाट भोग्न बाध्य भएकी छ । कोइरालाका अन्य कृतिमा झैं यस कृतिमा पनि अस्तित्ववादको गहिरो प्रभाव परेको छ (पन्थी, सन् २०२३, पृ. १०६) । भोटिनी घर चलाउन समस्या पर्नु, देहव्यापारमा संलग्न हुन पर्नु, पतिलाई बचाउन नसक्नु, आफै कुष्ठ रोगले ग्रस्त हुनु, एक्ली बन्नु जस्ता अवस्थामा पनि निरन्तर सङ्घर्षमा लागेको सन्दर्भले अस्तित्ववादी जीवनदृष्टिको सघन अभिव्यक्ति भएको स्पष्ट हुन्छ । यस कथामा मानिसले स्वतन्त्र निर्णय गरेपश्चात् आइपरेका जटिलताले नै उसको जीवन सङ्कटग्रस्त हुन्छ भन्ने कुरालाई भोटिनीको निर्णय र उसले भोग्नुपरेका जटिलताका माध्यमबाट अभिव्यक्त गरिएको छ । स्वत्व विकासका लागि गरेको निर्णयका कारण नै उसले समस्या भोग्नुपरेको कुरालाई कथामा विषयबद्ध गरेको देखिन्छ ।

## जिम्मेवारी वहन

'राइटरबाजे' कथामा भोटिनीले गरेको निर्णयका कारण आइपरेका समस्याप्रति उसलाई नै उत्तरदायी बनाई जिम्मेवारी वहनलाई अभिव्यक्त गरिएको छ । चयन र जिम्मेवारीबोध अस्तित्ववादको अभिलक्षण हो (ढकाल, सन् २०२३, पृ. ३८८) । मानिस निर्णय गर्न जति स्वतन्त्र छ त्यसका विपरीत जिम्मेवारी वहन गर्ने कुरामा भने अस्वतन्त्र रहेको हुन्छ । यस कथामा नारी अस्तित्वलाई महत्त्व दिइएको छ (रेग्मी, सन् २०२२, पृ. १२८) । विपत् अवस्था भोगेकी भोटिनीले आफ्नो भाग्य नै यस्तै हो भन्ने कुरालाई विश्वास गर्दै त्यही बिजोग अवस्थालाई स्वाभाविक ठानेका भए ऊ अस्तित्वप्रति सचेत रहेको देखिँदैनथ्यो । आफ्नो घरपरिवारको बिजोग अवस्थालाई स्वाभाविक ठान्नु अस्तित्वशील मानिसको

अभिलक्षण पनि होइन । भोटिनीले आफूले रोजेको कर्ममा प्रवृत्त रहँदा आइपरेका समस्या र विसङ्गतिबाट भाग्ने वा सम्झौता गर्ने कार्य गरेकी छैन, आफूलाई निरन्तर सङ्घर्षमा प्रवृत्त गराएकी छ । भोटिनीले राइटरबाट अलग गराउनका लागि उसका दिदीहरूले गरेको प्रयत्नलाई विफल बनाएको कथाको यस उद्धरणले उत्तरदायित्व वहन गर्ने कुरालाई बोध गराएको छ "जब म आफ्नी दिदीहरूलाई सम्झिन्थें, मलाई लाग्थ्यो- हाय ! उनीहरू कत्रो महान् सुखबाट वञ्चित भैराखेका छन्" (कोइराला, २०३९/२०७३, पृ. २२) ? देहव्यापार गरेर प्रशस्त आयआर्जन गरेका र दरबारको समेत सुख भोग गरेका आफ्ना दिदीहरूको जीवनभन्दा राइटरसँगको आफ्नो जीवन सुखद ठान्दै त्यसबाट विमुख नभई कर्ममा सक्रिय रहेको कथाको प्रसङ्गले भोटिनी जिम्मेवारीबाट अलग नभएको तथ्यलाई स्पष्ट पारेको छ ।

कथामा भोटिनीको भूमिका सर्वोपरि रहेकाले जिम्मेवारी वहनको सन्दर्भलाई पनि उसकै केन्द्रीयतामा विश्लेषण गर्नु उपयुक्त हुन्छ । उसले गरेको निर्णय भनेकै राइटरबाजेसँग जीवन बिताउने भन्ने नै हो । कोइरालाका रचनामा अस्तित्वका लागि प्रतिबद्ध पात्रले सङ्घर्ष गरेका हुन्छन् (न्यौपाने, सन् २०२३ घ, पृ. १५४) । यस कथाकी पात्र भोटिनीले गरेको निर्णयका कारण आइपरेका समस्यासँग उसले नै सङ्घर्ष गरेकी छ । छोरीको मृत्यु, पतिको रोग, आर्थिक दुर्बलताले उसको पारिवारिक रमणीयताको अभिलाषालाई भत्काइदिएका छन् । यस्तो अवस्थामा पनि उसले न आफ्नो निर्णयलाई दोष लगाई न पतिलाई नै उपेक्षा गरी, बरु पतिको जीवनरक्षाका लागि आफ्नो नारी अस्मितालाई नै त्याग गर्न पछि परिन भन्ने कुरालाई कथाको यस साक्ष्यले स्पष्ट पारेको छ -"उनलाई बचाउन मैले कुनै कुरा गर्न पनि बाँकी राखिनँ- वेश्यासम्म पनि भएँ, यही मेरो सानो सन्तोषको कारण थियो" (कोइराला, २०३९/२०७३, पृ. २५) । व्यक्तिले गरेको निर्णयले जीवन स्वाभाविक बन्छ भन्ने कुनै निश्चितता हुँदैन । भोटिनीको जीवनमा पनि यस्तै जटिलता आइपरेका छन् । खासमा स्वतन्त्रता त पीडाको विषय हो जुन भोटिनीले पनि भोग्न बाध्य भएकी छ । आफूले गरेको निर्णयका कारण आइपरेका समस्याको समाधानका लागि उसले वेश्याको नाम धारण गरी तर जिम्मेवारीबाट भने अलग भइन । यसरी यस पात्रले देखाएको त्याग, समर्पण र निर्णयप्रतिको वफादारीले अस्तित्ववादी जीवनदृष्टिलाई नै बोध गराएको छ ।

भोटिनीले गरेको निर्णयका कारण उसले प्रशस्त समस्या भोगे पनि जिम्मेवारीबाट अलग नरहेको कुरालाई पुनः राइटरलाई नै रोज्ने भन्ने उसको अभिव्यक्तिले स्पष्ट पारेको छ। राइटरलाई बचाउन देहव्यापार गर्दा ऊ कुष्ठरोगको सङ्क्रमणमा परेकी छ । एक्लै निर्णय र सङ्घर्ष गरेकी यो पात्र हरेक निर्णयप्रति जिम्मेवार देखिएकी छ । पुनः निर्णयको अवसर प्राप्त भएमा राइटरलाई नै रोज्न चाहेकी छ भन्ने कुरालाई कथाको यस अंशले स्पष्ट पारेको छ -"तर मैले रोजेको बाटोमा कसैले पाउन नसकेको वस्तु मैले पाएँ - मेरो मात्र आफ्नो - राइटरबाजेको प्रेम" (कोइराला, २०३९/२०७३, पृ. २७) । भोटिनीले राइटरसँग जीवन बिताउने निर्णयपश्चात् प्रशस्त समस्याको सामना गर्न बाध्य भए पनि अस्तित्वप्रति सचेत

छे । कोइरालाका रचनामा अस्तित्वमूलक विचार पाइन्छ (गिरी, सन् २०२३, पृ. १९२) । यस कथामा पनि भोटिनीको सङ्घर्ष अस्तित्वसँग सम्बद्ध छ । ऊ दिदीहरूसँग अलग भई, छोरी गुमाई, आर्थिक जटिलता भोगी, पति गुमाई, कुष्ठरोगको सङ्क्रमणमा परी । यस्ता सङ्कटको सामना गर्नुपर्ने कारण राइटरसँग बस्नाका लागि उसले गरेको निर्णय नै हो । यस्तो अवस्थामा पनि ऊ आफूले गरेको निर्णयका कारण सिर्जित समस्याबाट भागेकी छैन । कथामा भोटिनीले गरेको प्रयत्न, सङ्घर्ष, त्याग र निर्णयप्रति अडिग रहने प्रवृत्तिले अस्तित्ववादी जीवनदृष्टिको जिम्मेवारी वहनलाई घनीभूत रूपमा अभिव्यक्त गरेको स्पष्ट हुन्छ । स्वत्व विकासका लागि गरेको निर्णयका कारण उसले समस्या भोग्नुपरे पनि जिम्मेवारी वहन गरेको सन्दर्भ नै यस कथाको वैयक्तिक स्वतन्त्रताको मापनको आधार बनेको देखिन्छ ।

## निष्कर्ष

'राइटरबाजे' कथामा पात्रको निर्णय र जिम्मेवारी वहनलाई आख्यानीकरण गरी अस्तित्ववादी दृष्टि सशक्त रूपमा अभिव्यक्त गरिएको छ । कथामा जैविक आवश्यकता, अनमेल विवाह, प्रेमको अमरता जस्ता सन्दर्भहरू आए पनि तिनले पात्रले गरेको निर्णयको सेरोफेरोमा रहेर अस्तित्ववादी दृष्टिलाई अभिव्यक्त गर्न सघाउ पुऱ्याएका छन् । जड भवितामा आनन्दित हुने व्यक्ति अस्तित्वशील हुन सक्दैन भन्ने कुरालाई भोटिनीका क्रियाव्यापारका माध्यमबाट स्पष्ट पारिएको छ यथास्थितिलाई अवलम्बन गरिरहँदा आफ्नो अस्तित्व सुरक्षित गर्न सकिँदैन भन्ने कुरालाई भिन्न जात र संस्कृतिको पात्र राइटरसँग दाम्पत्य जीवन बिताउने भोटिनीको निर्णयले स्पष्ट पारेको छ । ऊ सडकको पेटीमा मागेर बस्दा बेवास्ता गर्ने दिदीहरूका आग्रहलाई अस्वीकार गर्नुले स्वनिर्मितिका लागि स्वयं प्रतिबद्ध रहनुपर्छ भन्ने तथ्यलाई पनि यस कथाले स्पष्ट पारेको छ भन्ने कुरा यस अध्ययनबाट जानकारी प्राप्त भएको छ । आफूले गरेका निर्णयका कारण मानिसको जीवनमा समस्या आइपरे पनि तिनको सामना गरेर मात्र अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने कुरा भोटिनीले आफूलाई यौन कर्ममा प्रवृत्त गराएको घटनाले स्पष्ट पारेको छ । दिदीहरूबाट अलग्गिनु, पतिको वियोगमा पर्नु, स्वयं कुष्ठ रोगबाट पीडित बन्नु जस्ता समस्या उसकै निर्णयका कारण सिर्जित भएका हुन् । स्वत्वको विकासका लागि यस पात्रले गरेको निर्णयका कारण एकपछि अर्को समस्याको सामना गर्नुपरेको कुरालाई यस कथामा गहन ढङ्गले अभिव्यक्त गरेको देखिन्छ । कथाकी पात्र भोटिनीको जीवनमा आइपरेका समस्या र विपत्तिबाट मुक्तिका लागि उसले अनवरत रूपमा गरेको कर्म र सङ्घर्षले जिम्मेवारी वहन गर्ने कुरालाई स्पष्ट रूपमा बोध गराएको छ । पुनः छनोटको अवसर प्राप्त भएमा राइटरबाजेको प्रेमलाई छान्ने भन्ने उसको अभिव्यक्तिले प्रेमको अमरता र जिम्मेवारीबोधलाई एकसाथ अभिव्यक्त गरेको छ । यस कथाका पात्रले यथास्थितिप्रति असन्तुष्ट बनी स्वत्व विकासका लागि स्वतन्त्र निर्णय गर्दा आइपरेका सङ्कटग्रस्त परिस्थितिको सामना र जिम्मेवारी वहन गरेको कुरालाई नाटकीकरण गरी

अस्तित्ववादी जीवनदृष्टिको वैयक्तिक स्वतन्त्रतालाई अभिव्यक्त गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । जीवनमा आइपरेका जटिल समस्याबाट विचलित नभई अस्तित्वका लागि निर्णय गर्दै जीवनयात्रामा प्रवृत्त रहनुपर्छ भन्ने अस्तित्ववादी दर्शनको मान्यतालाई अभिव्यक्त गरिएको यस कथाले लोकका लागि सकारात्मक र कल्याणकारी भावसमेत सञ्चार गरेको स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्री

कोइराला, विश्वेश्वरप्रसाद (२०३९/२०७३), *श्वेतभैरवी* (सातौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

खतिवडा, लेखराज (सन् २०२२), राइटरबाजे कथामा एकाकीपन, *वाङ्मय,* १८, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर । https://doi.org/10.3126/vangmaya.v18i1.47090

गिरी, राजेन्द्र (सन् २०२३), विश्वेश्वरप्रसाद कोइरालाको सान्नानी कथामा प्रजाति, *बिएमसी जर्नल,* ६, अनुसन्धान व्यवस्थापन समिति, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर । https://doi.org/10.3126/bmcjsr.v6i1.60967

ढकाल, निर्मला (सन् २०२३), वानिरा गिरीका कवितामा वरणस्वतन्त्रता, *केएमसी जर्नल,* ५, अनुसन्धान व्यवस्थापन एकाइ, कैलाली बहुमुखी क्याम्पस, धनगढी । https://doi.org/10.3126/kmcj.v5i2.58252

ढकाल, रजनी (सन् २०२२), हिटलर र यहुदी उपन्यासमा युद्ध अभिघात, *प्रज्ञा,* (१) । https://doi.org/10.3126/prajna.v123i1.62646

तिवारी, जीवनाथ (सन् २०२३), तीन घुम्ती उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतना, *प्रज्ञान,* ६, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा । https://doi.org/10.3126/pragyan.v6i1.54712

न्यौपाने, श्रीधर (सन् २०२३ क), अप्रिय उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रता, *भैरहवा क्याम्पस जर्नल,* ६, भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही ।

न्यौपाने, श्रीधर (सन् २०२३ ख), शिरीषको फूल र डापी उपन्यासमा अस्तित्ववादी निस्सारता, *त्रिभुवन युनिभर्सिटी जर्नल,* (१), अनुसन्धान निर्देशनालय, त्रित्रि शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर । https://doi.org/10.3126/tuj.v38i01.56218

न्यौपाने, श्रीधर (सन् २०२३ ग), स्वर्गीय हीरादेवीको खोज उपन्यासमा भविता, *कन्या जर्नल, ४,* अनुसन्धान व्यवस्थापन समिति, कन्या क्यापस, पोखरा । https://doi.org/10.3126/kanyaj.v4i1.57075

न्यौपाने, सुभाषचन्द्र (सन् २०२३ घ), बाबु, आमा र छोरा उपन्यासमा विसङ्गति, अस्तित्व र नियति, *ज्ञानज्योति, ३,* त्रिवि प्राध्यापक सङ्घ, महेन्द्र बहुमुखी क्याम्पस, धरान । https://doi.org/10.3126/gyanjyoti.v3i1.53053

पन्थी, महेन्द्रकुमार (सन् २०२३), विश्वेश्वरप्रसाद कोइरालाको विविध साहित्यिक आयाम तथा योगदान, *प्रज्ञान,* ६, नेपाली विभाग, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा । https://doi.org/10.3126/pragyan.v6i1.54713

पाण्डे, ज्ञानू (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,* काठमाडौँ : नेपाली आख्यान समाज ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), 'अस्तिवाद : परिचयन', *वार्ताहरू.* कुमार प्रधान (सम्पा.), दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

रेग्मी, रेखाकौशल (सन् २०२२), राइटरबाजे कथामा लैङ्गिकता, *सहयात्रा, ५,* सहयात्रा समाज, भोजपुर । https://doi.org/10.3126/sahayaatra.v5i1.57194

शर्मा, रामविलास (सन् १९९३), *नयी कविता और अस्तित्ववाद,* नयी दिल्ली : राजकमल प्रकाशन ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), *अस्तित्ववाद के प्रमुख विचारक,* भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

Camus, A. (1956/1991). *The rebel*. (trans.). First vintage international edition.

Sartre, J. P. (n. d.). *Being and nothingness*. E. Barnes (trans.). Colorado: University of Colorado.

Sartre, J. P. (1947/2007). *Existentialism is a humanism*. London: Yale university press.

Sartre, J. P. (1989). *No exit and three other plays.* (trans.). New York: Vintage.